आज मिति २०७४ कात्तिक १५ गते, बिहिबारका दिन यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमाजिमका सदस्यज्यूहरुको उपस्थितिमा १५ औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| उपस्थिति :- | | पदाधिकारी | हस्ताक्षर |
|---|---|---|---|
| १. नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष | |
| २. नगर उप-प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य | |
| ३. १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य | |
| ४. २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य | |
| ५. ३ नं. वडाका वडा अध्यक्ष श्री नानी बाबु बस्नेत | - | सदस्य | |
| ६. ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खडका | - | सदस्य | |
| ७. ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य | |
| ८. ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य | |
| ९. ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य | |
| १०. ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य | |
| ११. ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य | |
| १२. दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य | |
| १३. दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा पोडे | - | सदस्य | |
| १४. दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य | |
| १५. महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य | |
| १६. महिला सदस्य श्री कविता खत्री | - | सदस्य | |
| १७. महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य | |
| १८. महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य | |
| १९. महिला सदस्य श्री मिना मगर | - | सदस्य | |
| २०. कार्यकारी अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सदस्य सचिव | |

आमन्त्रित :-

| | | |
|---|---|---|
| २१. श्री विष्णु बहादुर के.सी. | - | लेखा अधिकृत |
| २२. श्री मनोज बुढाथोकी | - | सिभिल इन्जिनियर |
| २३. श्री मन्दिरा मर्हजन | - | नायब सुब्बा |

प्रस्तावहरु :

१ बिषयगत कार्यालयको बजेट तथा कार्यक्रम सम्बन्धमा ।
२ विविध ।

निर्णयहरु :

प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा
क) स्वास्थ्य संस्थाहरुको लागी स्वास्थ्य/आयुर्बेद युनिटबाट पेश भए बमोजिमको थप बजेट तथा कार्यकम स्वीकृत गर्ने । स्वास्थ्य सेवाका कररमा रहेका कर्मचारीहरुको/कार्यालय सहयोगीहरुको तलब भत्ताको लागी जनस्वास्थ्य कार्यालय काठमाडौंमा रकम माग गर्ने । स्वास्थ्य सम्बन्धी कार्यक्रम हेर्न सल्लाह सुझावको लागी कार्यपालिका सदस्य/सामाजिक बिकास समितिका सदस्य श्री राजेश परियारलाई Focal Person को रुपमा तोक्ने ।

ख) शिक्षाको लागी शिक्षा युनिटबाट पेश भएको थप बजेट तथा कार्यकम मध्ये KG कक्षा संचालन गर्न प्रति बिद्यालय १ जना सहयोगी कार्यकर्ताको लागी भत्ता (बिद्यार्थीसंख्याको आधारमा ) हटाएर बाकी रहेको बजेट तथा कार्यकम स्वीकृत गर्ने । शिक्षा सम्बन्धी कार्यकमा हेर्न/सल्लाह सुझावको लागी वडा नं ३ का अध्यक्ष नानी बाबु बस्नत लाई Focal Person को रुपमा तोक्ने ।

ग) कृषिको लागी कृषि सेवा केन्द्रबाट पेश भएको थप बजेट तथा कार्यकम स्वीकृत गर्ने । वडाबाट योजनामा स्वीकृत/समावेश गरिएका कार्यकममा दोहारो नपर्ने गरी वडासंग समन्वय गरी काम गर्ने । कृषि सम्बन्धी कार्यक्रम हेर्न/सल्लाह सुझावको लागी वडा नं ९ का अध्यक्ष श्री अमृका बलामीलाई Focal Person को रुपमा तोक्ने ।

घ) पशुसंग सम्बीन्धत बजेट तथा कार्यक्रम अर्को बैठकमा बिस्तृत छलफलबाट मात्र टुग्याउने ।

ङ ) महिला तथा बालबालिका सम्बन्धी बजेट तथा कार्यक्रम नगर उपप्रमुखज्यूको संयोजकत्वमा कार्यपालिकाका महिला सदस्य र महिला तथा बालबालिका सम्बन्धी हेर्ने कर्मचारी तारा बुढाथोकी सहितको समिति गठन गर्ने र बजेट तथा कार्यक्रम तय गरी अर्को बैठकमा पेश गर्ने । महिला तथा बालबालिका सम्बन्धी कार्यक्रम हेर्न/सल्लाह सुझावको लागी उपप्रमुख बसन्ती तामाङ्ग डंगोललाई Focal Person को रुपमा तोक्ने ।

च) मिति २०७४/०४/०३ गते बसेको नगरसभाको बैठकबाट राजस्व परामर्श समितिको सिफारिसमा कर शुल्क लगाउने अधिकार कार्यपालिकालाई प्रत्यायोजन गर्ने । राजश्व परार्मश समितिले पेश गरेको प्रतिबेदन/सिफारिस मध्ये देहायको कर/शुल्क लगाउने र पछि नगर सभाबाट अनुमोदन गर्ने ।
तपसिलः
यस नगरपालिका भित्र रहेका गोरखनाथ, गणेश सरस्वती मन्दिर र बज्रयोगिनी मन्दिर व्यवस्थापन उपसमितिलाई देहाय बमोजिमको पार्किङ्ग शुल्क उठाउन लगाउने ।

पार्किङ्ग शुल्क
मोटर साईकल : रु. १०/- प्रति वटा
कार : रु. ३०/- प्रति वटा
बस : रु. ५०/- प्रति वटा

पर्यटक प्रबेश शुल्क :
आन्तरिक पर्यटक : रु. २५/- प्रति व्यक्ति
सार्क राष्ट्का पर्यटक : रु. १००/- प्रति व्यक्ति
बिदेशी राष्ट्का पर्यटक : रु. २००/- प्रति व्यक्ति (सार्क राष्ट्र बाहेक )

- दक्षिणकाली बल्खु, सडक भै गुडने ट्रिपरलाई देहाय बमोजिमको कर लगाउने ।

तपसिल :
प्रति ट्रिपर : रु ५००/-

- यस दक्षिणकाली नगरपालिकाक्षेत्र भित्र रहेका स्थानाय संघ संस्था क्लब, समुहलाई बार्षिक देहाय बमोजिमको कर लागाउने ।
- स्थानाय संघ संस्था क्लब, समुह - रु. ५००/-
- नगरसभाबाट पारित भएको कर दस्तुरमा मालपोत दस्तुरको जरिवाना सम्बन्धी व्यवस्थामा देहाय बमोजिमको थप गर्नु पर्ने ।

चालु अ.ब भित्र मालपोत नतिरेमा पहिलो बर्षको लागी २०%, दोस्रो बर्ष देखी प्रति बर्ष ५% ले बृद्धि हुदै जाने र १६ बर्ष पछि १००% थप जरिवाना असुल गर्ने ।

- ठेलागाडा, घुम्ती पसलको मासिक भाडा रु. १५०/-लिने ।
- ठेलागाडा, घुम्ती पसल दर्ता गन आउने सुचना प्रवाह गर्ने ।

प्रस्ताव नं. २ का सम्बन्धमा छलफल गर्दा

क) देहाय बमाजिमको योजनाहरु संचालनको लागी देहाय बमोजिमको रकम बिनियोजन गर्ने ।

| वडा | योजनाको नाम | बिनियोजित रकम अंकमा | बिनियोजित रकम अक्षरमा |
|---|---|---|---|
| वडा नं १ | सृजनाटोल ढल ब्यवस्थापनको लागी ह्युम पाईप | - रु३०००००/- | (तीन लाख रुपैया मात्र) |
| वडा नं १ | भण्डारी गाउँ मोटर बाटो | - रु५०००००/- | (पाचँ लाख रुपैया मात्र) |
| वडा नं १ | कुशुले गाउँ मोटर बाटो | - रु४०००००/- | (चार लाख रुपैया मात्र) |
| वडा नं १ | महिला तथा युवा लक्षित कार्यक्रम | - रु३०००००/- | (तीन लाख रुपैया मात्र) |
| वडा नं २ | ग्वालदह खानेपानी (वडा कार्यालय) पछाडीको बस्ती | - रु६०००००/- | (छ लाख रुपैया मात्र) |
| वडा नं २ | खोकना जन माध्यमिक बिद्यालय | - रु२०००००/- | (दुई लाख रुपैया मात्र) |
| वडा नं ३ | दक्षिण गोदावरी मन्दिर | - रु५०००००/- | ( पाचँ लाख रुपैया मात्र) |
| वडा नं ३ | भञ्ज्याङ्गबाट थापागाउँ हरि श्रेष्ठको घर सम्मको मोटरबाटो | - रु१०,००,०००/- | (दश लाख रुपैया मात्र) |
| वडा नं ३ | नारायण खोला (महत कुलो) मर्मत | - रु१०००००/- | (एक लाख रुपैया मात्र) |
| वडा नं ४ | दलित टोल मोटर बाटो निर्माण (गणेशथानबाट खोकना जाने बाटो) | - रु५०००००/- | (पाचँ लाख रुपैया मात्र) |
| वडा नं ४ | चम्पादेवी पाउँमा पिकनिक स्पोर्ट निर्माण | - रु७०००००/- | (सात लाख रुपैया मात्र) |
| वडा नं ५ | टुटेपानी ईखापोखरी मोटरबाटो मर्मत | - रु३०००००/- | (तीन लाख रुपैया मात्र) |
| वडा नं ५ | पिच रोड देखी दलित बस्तीको बाटो ढलान | - रु२०००००/- | (दुई लाख रुपैया मात्र) |
| वडा नं ५ | गोलबहाल दलितहरुको गुठी छाप्रो निर्माण | - रु१०००००/- | (एक लाख रुपैया मात्र) |

वडा नं ६ : पञ्जल गणेश खानेपानी टयांकी निर्माण - रु१०,००,०००/- (दश लाख रुपैया मात्र)

वडा नं ६ : डिकुबहाल बाटो निर्माण - रु६०००००/- (छ लाख रुपैया मात्र)

वडा नं ६ : दक्षिणकाली महिला सन्जालका महिलाहरुको आर्थिक बृद्धि कार्यक्रम - रु२०००००/- (दुई लाख रुपैया )

वडा नं ६ : दक्षिणकाली माताको सामान राख्ने भवन निर्माण -रु१०,००,०००/- (दश लाख रुपैया)

वडा नं ६ : कोटाल टोल गोर गणेश मन्दिर निर्माण - रु३०००००/- (तीन लाख रुपैया)

वडा नं ६ : कोटाल टोल भजन पाटी निर्माण - रु४०००००/- (चार लाख रुपैया )

वडा नं ६ : धिमे खि बाजा प्रतियोगिता - रु१०००००/- (एक लाख रुपैया)

वडा नं ७ : युटिकी कृष्ण मन्दिर मर्मत - रु७०००००/- (सात लाख रुपैया)

वडा नं ७ : यटिकी मोटर बाटो मर्मत - रु५०००००/- (पाचँ लाख रुपैया)

वडा नं ७ : युटिकीमा रहेको खाली सार्बजनिक जग्गामा कृषि समुहलाई आय आर्जनको लागी - रु५०००००/-
(सार्बजनिक जग्गा एकिन गर्नु पर्ने) (पाचँ लाख रुपैया मात्र)

वडा नं ८ : चुनदेवी खानेपानी - रु१०,००,०००/- (दश लाख रुपैया)

वडा नं ८ : भट्टराई टोल मोटर बाटो - रु३०००००/- (तीन लाख रुपैया मात्र)

वडा नं ८ : चन्दन अँखौले मोटर बाटो - रु२०००००/- ( दुई लाख रुपैया )

वडा नं ९ : बिष्णु खोला फुटबल चौर निर्माण - रु२०००००/- ( दुई लाख रुपैया मात्र)

वडा नं ९ : वडा नं ५,६ र ९ को खानेपानी व्यवस्थापनको लागी - रु१,००,००,०००/- (एक करोड रुपैया मात्र)

जम्मा : रु२,२६,५०,०००/-

ख) वडा नं ३ मा रहेको फर्पिङ्ग पावर हाउस संग्रहालय अवलोकन व्यवस्थापन गनका लागी बिधुत प्राधिकरणसगँ समन्वय गर्ने ।

ग) स्थानिय सरकार संचालन ऐन २०७४ को दफा (११)(२)(प)(७) मा ढुगां, गट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा तथा स्लेट जस्ता खानीजन्य बस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन सम्बन्धी अधिकार स्थानीय तहमा आईसकेको सन्दर्भमा जिल्ला समन्वय समितिबाट खानी सम्बन्धित सबै सक्कल फाईल माग गर्ने ।